# रास्कोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

आर.सी.पी, कालीकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

www.raskotmun.gov.np
Email:ito.raskotmun@gmail.com
☎ : 16608744044


प.स. २०८२।०८३

मिति २०८३/०३/२३
ने.स. ११४६, तछलागा

## सेवा करारमा लिने सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति: २०८३।०३।२३)

रास्कोट नगरपालिकाको भूमी प्रशासन सम्बन्धी कार्य गर्नका लागि करार सेवामा कर्मचारी पदपुर्ति गर्नुपर्ने भएकाले तपशिल बमोजिमको पदमा करार सेवामा रही कामकाज गर्न ईच्छुक योग्यता पुगेका नेपाली नागरिकहरुबाट सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस नगरपालिकाको नाममा रहेको ग्लोबल आई.एम्.ई.बैंक रास्कोट शाखामा रहेको आन्तरिक राजश्व खाता **(13704010000009)** मा जम्मा गरेको भौचर वा नगद राजश्व तिरेको रसिद साथ अन्य आवश्यक कागजात सहित कार्यालय समयमा स्वयम उपस्थित भई वा ito.raskotmun@gmail.com मा दरखास्त दिन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

| क्र.सं | विज्ञापन नं. | सेवा/समूह | पद | तह | संख्या |
|---|---|---|---|---|---|
| १ | १३/२०८२/०८३ | स्थानीय इन्जिनियरिङ सेवा / सर्भे | सर्भेक्षक | सहायकस्तर पाँचौ तह | १ |

१. **न्यूनतम शैक्षिक योग्यता:** मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी. वा सो सरह उत्तिर्ण गरी सर्भे वा जियोमेट्रिक्स विषयमा तीन वर्षे प्रविणता प्रमाणपत्र सरहकोको डिप्लोमा उत्तीर्ण वा विज्ञान (फिजिक समूह) वा भूगोल विषय लिई प्रमाण पत्र तह उत्तिर्ण गरी कम्तिमा एक वर्षको जुनियर नापी तालिम प्राप्त गरेको।

२. **उमेर:** १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको।

३. **दरखास्त दस्तुर:** रु ७००।–

४. **दरखास्त दिने अन्तिम मिति:** २०८३।०४।०५ गते कार्यालय समय भित्र सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन।

५. **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु:**
   - नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी।
   - तोकिएको शैक्षिक योग्यता तथा तालिमको प्रमाण पत्र।
   - हालसालै खिचेको फोटो थान- २

६. **सेवा सुविधा:** रास्कोट नगरपालिकाले तोके बमोजिम।

७. **कार्यक्षेत्र:** रास्कोट नगरपालिकामा तोकेको स्थान।

८. **छनौटको किसिम/प्रक्रिया:** लिखित र मौखिक ( करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ बमोजिम हुने छ।)

९. **पाठ्यक्रम:** कर्णाली प्रदेश लोक सेवा आयोले सोही पदको लागि तोके बमोजिम हुनेछ।

महेश अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

**दरखास्त दिने स्थान:** रास्कोट नगरपालिकाको कार्यालय, आर.सि.पि कालीकोट । आवेदन फारम नगरपालिकाको **website** www.raskotmun.gov.np बाट प्राप्त गर्न सकिनेछ।

**थप जानकारीको लागि रास्कोट नगरपालिका प्रशासन शाखा / सूचना प्रविधि शाखामा सम्पर्क गर्न सकिने छ। सम्पर्क नं. ९८६८३०३०००**

"हामी बनाउँछौ, हाम्रो नगर"